**कार्यापालिका बैठक संख्या ४२ का निर्णहरु :**

**निर्णय नं. १ :**

नगर कार्यपालिकाको कार्यालयद्धारा तयार गरी बिधेयक समितिमा दफावार छलफल गरी पारीतको लागि पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु संशोधन सहित पारीत गर्ने निर्णय गरियो ।

- फोहरमैला व्यवस्थापन शुल्क संकलनमा टोल विकास संस्थालाई परिचालन सम्बन्धी कार्यविधि २०७६
- वातावरणीय व्यवस्थापन बिषेश कोष सञ्चालन कार्यविधि २०७६
- महिला तथा बालबालीका विकास बिशेषकोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६
- शिक्षा विकास बिशेष कोष कार्यविधि २०७६
- युवा स्वरोजगार घुम्तीकोष कार्यविधि २०७६

**निर्णय नं. २ :**

तपसिल बमोजिका योजनाहरुमा तपसिल बमोजिमका शिर्षकबाट रकम बिनियोजन तथा खर्च गर्ने निर्णय गरियो ।

- आधारभुत विद्यालय खरखुट्टेको भवन निर्माण गर्न नपुग रकम रु.६,७९,०००।- स्थानीय विकास बिशेष कोषबाट खर्च गर्ने निर्णय गरियो ।
- वडा नं. १३ को प्रहरी चौकीमा ट्वाईलेट निर्माणको लागि रु.९४,०००।- मर्मत संचार बिशेष कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विभिन्न स्वास्थ्य संस्थामा कार्यरत तपसिल बमोजिमका अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरुको म्याद यही २०७६ माघ १ गते देखी लागु हुने गरी ३ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

**तपसिल :**

| | | |
|---|---|---|
| १. | ईन्जिनियर | श्री धनकुमार लामा तामाङ्ग |
| २. | ईन्जिनियर | श्री सुमन कोईराला |
| ३. | सर्भेयर | श्री सन्दिप थापा मगर |
| ४. | कम्प्यूटर अपरेटर | श्री प्रेम बहादुर सिलवाल |
| ५. | असिस्टेन्ट सव ईन्जिनियर | श्री धिरेन्द्र चौधरी (अस्थायी) |
| ६. | कम्प्यूटर अपरेटर | श्री अनितापन्त ढकाल |
| ७. | कार्यालय सहायक | श्री लिला रावल |
| ८. | कार्यालय सहायक | श्री सिता सिवाकोटी |
| ९. | कार्यालय सहायक | श्री रञ्जना उप्रेती नेपाल |
| १०. | कार्यालय सहायक | श्री केशरी माया पाठक |
| ११. | कार्यालय सहायक | श्री कृष्ण प्रसाद पराजुली |
| १२. | कार्यालय सहायक | श्री गिता राई |
| १३. | कार्यालय सहायक | श्री महेश प्रसाद ढकाल |
| १४. | कार्यालय सहयोगी | श्री टेक बहादुर भण्डारी (अस्थायी) |
| १५. | कार्यालय सहयोगी | श्री बाल गोविन्द महतो (अस्थायी) |

| | | |
|---|---|---|
| १६. | कार्यालय सहयोगी | श्री निर्मला घिमिरे(अस्थायी) |
| १७. | कार्यालय सहयोगी | श्री लक्ष्मी अर्याल(अस्थायी) |
| १८. | कार्यालय सहयोगी | श्री तारा पाण्डे |
| १९. | कार्यालय सहयोगी | श्री विष्णु प्रसाद अर्याल |
| २०. | कार्यालय सहयोगी | श्री गिता कडेल |
| २१. | कार्यालय सहयोगी | श्री मोनिका चौधरी |
| २२. | कार्यालय सहयोगी | श्री सुमित्रा चौलागाई |
| २३. | कार्यालय सहयोगी | श्री गोमा चौलागाई डोटेल |
| २४. | कार्यालय सहयोगी | श्री सुस्मा चौधरी |
| २५. | कार्यालय सहयोगी | श्री सुकमाया तमाङ्ग |
| २६. | कार्यालय सहयोगी | श्री सर्मिला सिलवाल |
| २७. | कार्यालय सहयोगी | श्री अप्सरा पोखेल |
| २८. | हलुका सवारी चालक | श्री भिष्मा चौधरी |
| २९. | हेभी सवारी चालक | श्री प्रकाश बहादुर श्रेष्ठ |
| ३०. | सुरक्षा गार्ड | श्री कमल प्रसाद ढुङ्गेल |
| ३१. | नगर प्रहरी | श्री टिका नारायण श्रेष्ठ |
| ३२. | सरसफाई कार्यालय सहयोगी | श्री दरेश मल्ली |

**स्वास्थ्य तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ३३. | अहेब | श्री शर्मिला चौधरी |
| ३४. | अनमी | श्री लक्ष्मी शर्मा |
| ३५. | अनमी | श्री निर्मला महतो |
| ३६. | अनमी | श्री चन्द्रा कार्कि |
| ३७. | कार्यालय सहयोगी | श्री देवी वि.क. |
| ३८. | कार्यालय सहयोगी | श्री भगवती अर्याल |
| ३९. | कार्यालय सहयोगी | श्री अन्जली अर्याल |
| ४०. | कार्यालय सहयोगी | श्री कल्पना पाठक |

**दमकल तर्फका कर्मचारीहरु**

| | | |
|---|---|---|
| ४१. | दमकल चालक | श्री नमराज रिजाल |
| ४२. | हेभी सवारी चालक | श्री खेमनारायण श्रेष्ठ |
| ४३. | हेभी सवारी चालक | श्री राजकुमार चौधरी |
| ४४. | हेभी सवारी चालक | श्रीराम चौधरी |

**निर्णय नं. ४ :**

१२ नं. वडा कार्यालयबाट टोल विकास संस्था गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि–२०७५ को दफा ५(१)(ख) बमोजिमको संख्यामा घरधुरी पुग्न नसकी कार्यविधि बमोजिम संस्था गठन गर्न असुबिधा पर्न गएकोले सोही कार्यविधिको दफा ५ को उपदफा (१) को खण्ड (ख)को प्रतिबन्धात्मक वाक्यांश बमोजिम टोल विकास संस्था गठन गर्न माग तथा सिफारिश भई आएकोले सोही कार्यविधिको व्यवस्था अनुसार तपसिल बमोजिमका टोल विकास संस्था गठन गर्ने निर्णय गरियो ।

- वडा नं. १२ को देशभक्ती टोल विकास संस्था घरधुरी संख्या ८७

**निर्णय नं. ५ :**

यस नगरपालिकाको नगर सभाबाट चैते धान तथा मकैको बीउ उपचार तथा सहयोग कार्यक्रम भनी ८० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत भई सोको लागि रु.८,००,०००।- बजेट बिनियोजन भएकोमा सो रकम मध्येबाट हाईब्रिड तथा उन्नत जातको मकैको बिउ वितरण गर्न रु.५,००,०००।- र चैते धानको उपचार गर्न बिषादी खरिद गर्नको लागि ३,००,०००।- छुट्याउने गरी नगर प्रमुखबाट मिति मिति २०७६/१०/१९ मा भएको निर्णयलाई अनुमोदन गरी सोही आधारमा कार्यक्रम सञ्चालन गर्न कार्यपालिकाको कार्यालयलाई दिर्नेशन दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

संघीय सरकारले जारी गरेको सेनेटरी प्याड वितरण निर्देशिका २०७६ को दफा  बमोजिमको समितिमा कार्यपालिकाको सदस्य मध्येबाट कार्यापालिकाले तोकेको सदस्य एक जना सदस्य रहने व्यवस्था रहे बमोजिम कार्यापालिकाका सदस्य श्री गोमा भुजेललाई सो समितिको सदस्यमा तोक्ने गरी नगर प्रमुखबाट भएको मिति २०७६/११/१४ मा भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

नगरपालिकाद्धारा जारी भएको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को अनुसूची १ को खण्ड ९ मा निर्माण व्यवसायीले दिने निवेदनमा आफ्नो स्वामित्वमा रहेका निर्माण सम्बन्धी सवारी साधन मेशीनरी औजारको विवरण भर्नु पर्ने व्यवस्था गरेको छ । त्यस्तै गरी सोही कार्यविधिको अनुसूची ५ मा 'घ' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता भनी सोको खण्ड ३ मा मेशीनरी उपकरण यती यतीको संख्यामा हुनु पर्ने उल्लेख गरिएकोछ । कार्यविधि अनुसार 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र लिन चाहने व्यक्ति वा संस्थाले कार्यविधिमा उल्लेख भए बमोजिमका सामानहरु आफ्नै स्वामित्वमा राख्नु पर्ने अवस्था आएको र ति प्रावधान पुरा गर्न नसक्दा काम गर्न सक्ने धेरै निर्माण व्यवसायी दर्ता हुन नसकेको अवस्था देखिएकोले त्यस्ता उपकरण तथा मेशीनरी औजारहरुको हकमा निम्नानुसारको व्यवस्था गरी 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने व्यवस्था मिलाउन कार्यपालिकाको कार्यालयलाई दिर्नेशन दिने निर्णय गरियो ।

- कार्यविधिमा उल्लेख भएका आवश्यक मेशीनरी औजार उपकरण कम्तीमा ५ वर्षको लागि भाडामा लिने गरी कुनै व्यक्ति वा संस्थासंग सम्झौता भएको भए सो सम्झौताको प्रति पेश गर्नु पर्ने व्यवस्था गर्ने,
- त्यसरी भाडामा लिएको मेशीनरी औजार उपकरणको स्वमीत्व परिवर्तन भएमा सोको जानकारी अनिर्वाय नगरपालिकालाई दिनु पर्ने र स्वमीत्व परिवर्तन पश्चात पनि पछि स्वामीत्व लिने व्यक्ति वा संस्थासंग पुन सम्झौता गरी निरन्तरता हुने व्यवस्था सम्बन्धित निर्माण व्यवसायीले मिलाउनु पर्नेछ ।

**निर्णय नं. ८ :**

खैरहनी नगरपालिकाको नदी/खानी क्षेत्रबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन/संकलन तथा बिक्री वितरण प्रक्रियामा भारी मेशीनरी औजार प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि २०७५ को दफा ५ मा उल्लेख भएको व्यवस्था र वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०७५/१२/२३ को निर्णयानुसार आफ्नै जग्गाको माटो आफ्नै जग्गामा निजी प्रयोजनको लागि लैजान प्रक्रिया झन्झटीलो भएको भन्ने गुनासो आएकोले सो व्यवस्थालाई सरलीकरण गर्न निम्नानुसारका व्यवस्था गर्ने निर्णय गरियो ।

- आफ्नै जग्गाको माटो आफ्नै जग्गामा निजी प्रयोजनको लागिको लागि लैजान ५ टेक्टर (१५ घनमीटर) सम्मको स्वीकृती वडा कार्यालयले दिने,
- यस्तो अनुमती एक व्यक्तिलाई एक पटकको लागि मात्र दिने,
- त्यसरी अनुमती दिंदा सामान्य सिफारिश दस्तुर रु.२००।- असुल गर्ने,

- त्यस्तो अनुमती पाउने व्यक्तिलाई माटो खन्नको लागि मेशीनरी औजार प्रयोग गर्न नदिने,
- त्यसरी अनुमती दिंदा प्रयोग हुने ट्याक्टरको नं.उल्लेख गरी दिनु पर्नेछ र त्यस्तो ट्याक्टरको वार्षिक सवारी कर असुल गरेर मात्र अनुमती दिनु पर्नेछ,
- सम्बन्धित व्यक्तिको सम्पतिकर असुल भई सकेको हुनु पर्नेछ,
- यस प्रयोजनको लागि आफ्नै जग्गा भन्नाले एकाघरको श्रीमान, श्रीमती, र छोराको नाउँमा रहेको जग्गा समेतलाई जनाउनेछ । सो भन्दा बाहेकको हकमा अन्य व्यक्ति सरह मानिनेछ ।

**निर्णय नं. ९ :**

खैरहनी नगरपालिका वडा नं. २ को वडा कार्यालय नजिक पर्ने लदरा खोला पुलको पश्चिम पट्टी रहेको खोलाका बीचको माटो र खैरहनी नगरपालिका वडा नं. २ र ३ बीचमा पर्ने लदरा खोला पुलको तल माथि रहेको माटोलाई खैरहनी नगरपालिकाको नदी/खानी क्षेत्रबाट नदी तथा खानीजन्य पदार्थ उत्खनन/संकलन तथा बिक्री वितरण प्रक्रियामा भारी मेशीनरी औजार प्रयोग, अनुगमन तथा नियमन सम्बन्धी कार्यविधि २०७५ बमोजिम नियमानुसार लाग्ने राजस्व अशुल गरी बिक्री गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।